का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ पुस २०७९,
सोमबार
26 December 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३१० । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



**२०७९ मा**
प्रधानमन्त्री

**२०७३ मा**
प्रधानमन्त्री

**२०६५ साल**
साउनमा गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्री

**२०६३ साल**
असार २ गते भूमिगत जीवनबाट सार्वजनिक

**२०५७ सालमा**
नेकपा माओवादीको अध्यक्ष

**२०५२ बाट**
जनयुद्धको नेतृत्व

**२०४८ सालमा**
एकताकेन्द्रको महामन्त्री

**२०४६ मा**
मशालको महामन्त्री

**२०३१ सालमा**
मार्क्सवादी अध्ययन समूह गठन

**२०२८ मा**
नेकपा पुष्पलाल समूहको सदस्यता प्राप्त

**जन्म :**
वि.सं. २०११ मंसिर २६ गते



# प्रधानमन्त्रीमा
## प्रचण्डको तेस्रो इनिङ्स

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० पुस ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्रीमा नियुक्त भएका छन् । करिब १७० सांसदको समर्थन लिएर प्रधानमन्त्रीमा दाबी गरेका प्रचण्डलाई राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्रीमा नियुक्त गरेकी हुन् । प्रचण्ड संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त भएका हुन् । जहाँ दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभाको सदस्य प्रधानमन्त्री नियुक्त हुने व्यवस्था छ ।

यसअघि, दुई पटक प्रधानमन्त्री भएर पनि काम गर्न नपाएको/नसकेको गूनासो गर्दै आएका प्रचण्डले तेस्रो पटक प्रधानमन्त्री भएर आर्थिक विकास र समृद्धिको नेतृत्व गर्ने चाहना व्यक्त गर्दै आएका छन् । नभन्दै उनी तेस्रो पटक मुलुकको प्रधानमन्त्री भएका छन् । ६८ वर्षका प्रचण्डले तेस्रो पटक प्रधानमन्त्री – बाँकी पृष्ठ २ मा

> दुई पटक प्रधानमन्त्री भएर पनि काम गर्न नपाएको/नसकेको गूनासो गर्दै आएका प्रचण्डले तेस्रो पटक प्रधानमन्त्री भएर आर्थिक विकास र समृद्धिको नेतृत्व गर्ने चाहना व्यक्त गर्दै आएका छन् । नभन्दै उनी तेस्रो पटक मुलुकको प्रधानमन्त्री भएका छन् ।

# पहिलो दल प्रतिपक्षमा

> आइतबार बिहानसम्म प्रधानमन्त्री र राष्ट्रपति कुनै हालतमा नछोड्ने बताइरहेका कांग्रेस नेताहरुसँग आइतबार कै बेलुकी केही पनि नपाउने स्थिति आयो भनी खुम्चिनुपर्ने राजनीतिक वातावरण बन्न पुग्यो ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १० पुस ।

आम चुनावमा कांग्रेस नेतृत्वमा पाँच दल मिलेर गठबन्धन बनाए । गठबन्धनकै सरकार बनाउने बाचा गरे । गटठबन्धनले गर्ने न्युनतम साझा कार्यक्रम पनि सार्वजनिक गरे । तर, दलहरुले फरक/फरक घोषणापत्र ल्याए ।

चुनावपछि गठबन्धनमा रहेका माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले कांग्रेसबाट धोका भएको निष्कर्ष निकाले । समग्रमा प्रतिनिधिसभामा कांग्रेसले ९८ सिट ल्याउँदा माओवादी ३२ सिटमा खुम्चियो । एकीकृत समाजवादी राष्ट्रिय दल बन्न सकेन । प्रत्यक्षमा १० सिट ल्यायो ।

गठबन्धनमा रहेको माओवादीले ३२ सिट मात्रै ल्याएपछि कांग्रेसले पावर सेयरिङमा कांग्रेसलाई निकै पछाडि राखेर कुरा गर्न थाले । राष्ट्रपति र प्रधानमन्त्री कुनै हालतमा नछोड्ने अडान लिए । आलोपालो गर्न तयार भए पनि पहिले प्रधानमन्त्री लिने कुरालाई बटमलाइन् बनायो । विगतमा गठबन्धन गर्दा चुनावपछि प्रधानमन्त्री लिने गरी भएको सहमति तोडिएको भनी प्रचण्ड एमालेकहाँ गए । एमालेले प्रचण्डलाई प्रधानमन्त्री बनाउने निर्णय लियो । एमालेसँग पनि संवादमा रहेको माओवादीले साथ नदिए एमालेले सहयोग गर्छ भनी ढुक्क रहेको कांग्रेसले जिल खायो । प्रदेश सरकारमा पनि कांग्रेस आफू ५ प्रदेश – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# 'सिजनल भिसा'का नाममा मलेसियामा रहेका नेपाली ठगिँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० पुस

वैदेशिक रोजगारका लागि मलेसिया पुगेका नेपाली कामदारहरुलाई त्यहाँबाट युरोप, अमेरिका र क्यानडालगायतका तेस्रो देश पठाइदिने भन्दै व्यापक ठगी भइरहेको पाइएको छ । मलेसियाबाट नै क्यानडालगायतका देशमा पठाइदिने प्रलोभनमा पारेर रकम असुलेको गुनासो मलेसियास्थित नेपाली दूतावासमा आउने क्रम बढेको बुझिएको छ ।

शुक्रबार दूतावासले फेसबुक लाइभमार्फत सञ्चालन गर्दै आएको साप्ताहिक सूचना तथा जानकारी कार्यक्रममा उपस्थित दूतावासकी प्रथम सचिव यशु बस्नेतले पछिल्ला दिनहरुमा नेपाली कामदारलाई तेस्रो मुलुक पठाइदिने भन्दै रकम असुली गरेर ठगेको उजुरी आइरहेको भन्दै सचेत हुन आग्रह गरिन् । उनले मलेसियाबाट नेपालीहरु तेस्रो मुलुक जान सक्ने भए पनि त्यसको प्रक्रिया नेपाली कामदारहरुले स्वदेश फर्केपछि मात्रै गर्नुपर्ने सुझाव दिइन् ।

नेपालबाट दक्षिण कोरिया, बेलायत र क्यानडालगायतका देशमा 'सिजनल भिसा'का नाममा मौसमी कामदार जान शुरुवात गरेपछि मलेसियामा ठगीको धन्दा चलाउँदै आएकाहरुले मौसमी कामदार भिसामा पठाइदिने भन्दै कम्पनीमा काम गरिरहेका नेपालीहरुलाई जागिर छाड्न उक्साउने र जागिर नै छोडाएर अलपत्र पार्ने गरिएको बताइएको छ ।

बेलायत, क्यानडा तथा दक्षिण कोरियामा मौसमी कामदारको माग बढेको छ । नेपाल भित्रै पनि केही कन्सल्ट्यान्सी र स्थानीय गाउँपालिहरुले युवाहरुलाई पठाउने भन्दै रकम उठाएपछि नेपाल सरकारले केही दिनअघि मात्रै त्यसलाई रोक्न वैदेशिक रोजगारीमा मौसमी श्रमिक पठाउने कार्यविधि स्वीकृत गरेको थियो ।

स्थानीय तहका गाउँपालिका तथा नगरपालिकाले दक्षिण कोरियालगायतका देशहरुसँग भगिनी सम्बन्ध कायम गरी आफूखुशी मौसमी कामदार पठाउने तयारी गरेपछि मन्त्रालयले वैदेशिक रोजगारमा कामदार पठाउने एकमात्र आधिकारिक निकाय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय भएको बताउँदै निर्देशिका जारी गर्नुपरेको – बाँकी पृष्ठ २ मा

## मलेसियामा पनि राहदानीकै चासो

**काठमाडौं/मस–** राहदानी विभागले मागअनुसार राहदानी उपलब्ध गराउन नसक्दा नेपालमा मात्रै नभएर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले पनि समयमा राहदानी नपाएको गुनासो गरेका छन् । राहदानीको म्याद १८ महिनाभन्दा कम भएको अवस्थामा विदेशबाट नयाँ राहदानीका लागि अनलाइन आवेदन गर्न पाउने व्यवस्था छ ।

विगतमा वैदेशिक रोजगारीमा रहेका कामदारले अनलाइन आवेदन गरेको ४५ दिनभित्रै राहदानी पाउने गरेका थिए । तर पछिल्ला महिनाहरुमा उनीहरुले दुई महिनाको समय गुज्रिँदा पनि राहदानी पाउन नसकेको गुनासो गरेका छन् । ई पासपोर्ट शुरुवात भएपछि राहदानी विभागले राहदानी प्रिन्ट भएलगत्तै राहदानी – बाँकी पृष्ठ २ मा

**पिआरओ आवश्यकता**
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
PRO : 4 (Male/Female)
Salary: Negotiable
Min 2 years experience in manpower.
Please send your CV: info@rotaryoverseas.com
Govt. Lic. No. 562/062/063
ROTARY OVERSEAS PVT. LTD.
Basundhara-3, Kathmandu
Contact.: 9818216982

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारणसभा सम्बन्धी सूचना**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति **२०७९ भाद्र १२** गते बसेको संघ कार्यसमितिको निर्णयअनुसार संघको विधानको दफा २४ (२) को व्यवस्था बमोजिम आगामी मिति २०७९/१०/०६ गते हुन गइरहेको संघको **२९ औं** वार्षिक साधारण सभा तथा निर्वाचन तपशिलमा उल्लेखित निम्न मिति, समय र स्थानमा हुन गईरहेको हुँदा सम्पूर्ण व्यवसायीज्यूहरुलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं । साथै प्रमुख निर्वाचन अधिकृत सहितको निर्वाचन समिति गठन गरिएको व्यहोरा समेत जानकारी गराउँदछौं ।

**सभामा निर्णयार्थ पेश गरिने विषयहरु (एजेण्डाहरु)**
१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को आयव्ययको विवरणसहितको वासलात उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०७९/०८० को आयव्ययको लेखा परीक्षकको नियुक्ति गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।
५. विविध

नोट: यस साधारण सभाले आगामी कार्यकालको लागि कार्यसमितिको चयन गर्ने भएकाले निर्वाचन सम्बन्धी जानकारीको लागि निर्वाचन समितिले प्रकाशन गर्ने सूचना हेर्न र संघमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**साधारणसभा हुने मिति, स्थान र समय**
**मिति: २०७९/१०/६ गते शुक्रबार।**
**स्थान: अनुपम फुडल्याण्ड, बत्तीसपुतली, काठमाडौं ।**
**समय: बिहान ९:३० बजे**

**साधारणसभा सम्बन्धी थप जानकारीहरु**
साधारणसभामा भाग लिन र मतदान गर्नका लागि एक कम्पनीले १ जना प्रतिनिधि मनोनयन गरी पठाउनु पर्ने भएकाले संघमा बाँकी रहेको मासिक शुल्क (लेवी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लागतको प्रतिलिपि, ईजाजत पत्रको प्रतिलिपी, नागरिकता वा राहदानीको प्रतिलिपि र **पासपोर्ट साइजको दुई प्रति फोटो मिति २०७९/०९/२७ गते कार्यालय समय भित्र** पठाई प्रतिनिधिबारे जानकारी गराउन हुन अनुरोध छ ।

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np, nafea69@gmail.com
Website: www.nafea.org.np | Facebook: www.facebook.com/nafeaorg

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
**तालिम खुल्यो**
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५



मध्यान्ह
www.madhyanhadaily.com
११ पुस २०७९, सोमबार
26 December 2022, Monday

# चिसोका कारण हुम्लाका अधिकांश विद्यालय बन्द



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १० पुस

चिसो बढेसँगै जिल्लाका अधिकांश विद्यालय बन्द भएका छन् । पुस १५ गतेबाट हिउँदे बिदा हुनुपर्ने भएपनि जिल्लाका अधिकांश विद्यालय बन्द भएका सिमकोट ७ स्थित कैलाश माविका सह-प्रधानाध्यापक बलबहादुर शाहीले बताए । उनका अनुसार सिमकोट गाउँपालिकाका सम्पूर्ण विद्यालय पुस ९ गतेबाट बन्द भएका छन्। यता नाम्खा गाउँपालिकाभित्रका निजी तथा सामुदायिक विद्यालयले केही दिन अगाडि नै हिउँदे बिदा गरिसकेका छन् ।

नेपाल सरकारको शैक्षिक क्यालेन्डर अनुसार हिउँदे बिदा पुस १५ गतेबाट गर्नुपर्ने प्रावधान छ । तर चिसोले गर्दा पुस १० गते अगाडि नै विद्यालय बन्द गर्नुपरेको खार्पुनाथ ५ स्थित मान्धार माविका शिक्षक बसन्त शाहीले बताए। हुम्लाका सम्पूर्ण विद्यालयहरुले अर्धवार्षिक परीक्षा सम्पन्न गरेर नतिजासमेत प्रकाशन गरिसकेका छन् ।

सिमकोट, नाम्खा र खार्पुनाथ गाउँपालिकाका निजी विद्यालयले माघ २० गतेबाट विद्यालय संचालन गर्ने जनाएका छन् भने सामुदायिक विद्यालयले फागुन १ गतेबाट विद्यालय संचालन गर्ने बताएका छन्। जिल्लाको सर्केगाड, अदानचुली, चङ्खेली र ताजाकोट गाउँपालिकाभित्रका विद्यालय भने पुस १२ गतेबाट बन्द हुने विद्यालय प्रशासनले जनाएका छन् ।

# आदर्श गाउँपालिकामा उपभोक्तालाई तालिमसँगै योजना सम्झौता

**प्रकाश वम/मध्यान्ह**
डोटी, १० पुस



डोटीको आदर्श गाउँपालिकाले पालिकाभित्रका सबै वडामा उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि तालिम दिनुका साथै योजना सम्झौताको कार्य शुरु गरेको छ । शुक्रबार गाउँपालिकाको वडा नम्बर ७ दहकालिकास्थानबाट अभियानको शुरु गरिएको हो । गाउँपालिकाले चालु आर्थिक वर्षमा पालिका अन्तर्गतका उपभोक्ता समितिमार्फत हुने विकास निर्माणका कामहरू प्रभावकारीरूपमा सञ्चालन गर्नका लागि समितिलाई तालिम प्रदान गरेको गाउँपालिकाका उपाध्यक्ष लक्ष्मी धामी रोकायले जानकारी दिइन् । पालिकाले पालिकाभित्रका ७ वटै वडामा गठित उपभोक्ता समितिलाई योजना कार्यान्वयन, फर्छ्योट तथा गुणस्तरका सवालमा अभिमुखीकरण प्रदान गरिने उनले बताइन् ।

'चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम उपभोक्ता समितिमार्फत सञ्चालन हुने वडास्तरीय योजनाको प्रभावकारी कार्यान्वयनदेखि समस्या समाधानका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको हो। तालिमबाट उपभोक्ता समितिको कार्यसम्पादन क्षमता अभिवृद्धि गरी तोकिएकै समयमा गुणस्तरीय ढंगबाट योजना सम्पन्न गर्न मद्दत पुग्नेछ ।'

उनले थपिन्, 'स्थानीय सरकारको अनुभूति दिनका लागि गाउँपालिकाले वडामा गएर उपभोक्ताहरूलाई तालीम दिएको हो । उपभोक्ताहरूलाई झन्झटिलो नहोस् भनेर वडाबाट छनोट भएका योजना वडामा नै सम्झौता गर्ने व्यवस्था गरेका हौं ।' तालिममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ,योजना शाखा, प्राविधिक शाखा, लेखा शाखाका प्रमुखहरूले सहभागीहरूलाई तालिम प्रदान गरेको उनले जानकारी दिइन् । क्षमता अभिवृद्धि तालीम तथा योजना सम्झौतामा वडाध्यक्ष, उपभोक्ता समितिका पदाधिकारी तथा जनप्रतिनिधि लगायतको सहभागिता रहेको गाउँपालिकाले जनाएको छ ।

# नेपाल जेसिजको राष्ट्रिय अध्यक्षमा मानन्धर विजयी

**वीरगञ्ज/मस-**
नेपाल जेसीजको ४९औं महाधिवेशनबाट राष्ट्रिय अध्यक्षमा विकाश मानन्धर विजयी भएका छन् । महाधिवेशनमा अध्यक्ष पदका लागि पाँच उम्मेदवार रहेकामा एक जना उम्मेदवार अनिलबहादुर शाही ककस कार्यक्रममा अनुपस्थित भएकाले उनको उम्मेदवारी रद्द भयो भने निर्वाचनबाट मानन्धर विजयी भएका हुन् । मानन्धर पाँच सय ९५ मत प्राप्त गरी विजयी हुँदा उनका निकटम प्रतिस्पर्धी रविन पोखरेलले दुई सय ९७ मत प्राप्त गरेका थिए । मानन्धर आफ्ना तीन जना प्रतिद्वन्द्वी पोखरेल, सुमन श्रेष्ठ र दीपेन्द्र निरौलालाई पछाडि पार्दै विजयी बनेका हुन् । यस्तै एक हजार दुई सय ५० मतदाता रहेको नेपाल जेसिजको कार्यकारिणी उपाध्यक्षमा चार पदका लागि नौ जना उम्मेदवार रहेकामा जीवनबहादुर कार्की, कुमारसिंह सान्वा लिम्बू, रजनी थापा र रश्मी बस्नेत विजयी भएका छन् । उपाध्यक्षमा उम्मेदवार महेशचन्द्र ओझा, समप्रसाद पाण्डे, सुजन बरुवाल, कञ्चन झा र सन्दीप अग्रहरि पराजित बनेका थिए ।

यसैगरी १२ उपाध्यक्षका लागि १९ जना प्रतिस्पर्धामा रहेकामा भीमबहादुर कुँवर, वीरबहादुर भगत, सरोज अधिकारी, गुरुदेव पौडेल, राजाराम गौतम, अनुप सुनुवार, तेजप्रसाद उप्रेती, चिरञ्जीवी शर्मा, चन्द्रमणि भुसाल, सोनु श्रेष्ठ, राधिका भुसाल र स्वस्तिका आचार्य विजयी भएका छन् । महाधिवेशनबाट एक अध्यक्ष, चार कार्यकारिणी उपाध्यक्ष र १२ उपाध्यक्ष गरी १७ पदका लागि शनिबार मतदान भएको थियो ।

## प्रधानमन्त्रीमा...

बन्ने आफ्नो आकाङ्क्षा पूरा गर्न नयाँ गठबन्धन रोजेका हुन् ।

सामान्य परिवारमा जन्मिएका उनी आइतबार तेस्रो पटक देशको प्रधानमन्त्री नियुक्त भए । पच्चीस वर्ष भूमिगत जीवन बिताएका प्रचण्डले नेतृत्व गरेको १० वर्षे सशस्त्र द्वन्द्व जनयुद्ध नेपालमा ठूलो राजनीतिक परिवर्तनमा कारक बनेको थियो ।

शान्तिवार्ता मार्फत् खुला राजनीतिमा आएपछि उनले नेतृत्व गरेको नेकपा माओवादी संसद्को सबैभन्दा ठूलो दल बनेको थियो । तर उनले ९ महिनामै सरकारको नेतृत्वबाट राजीनामा दिएका थिए । कास्कीको ढिकुरपोखरीमा विसं २०११ मा जन्मिएका प्रचण्डको राजनीतिक यात्रा भने शिक्षक पेसासँगै अघि बढेको थियो । प्रचण्डले २०२८ सालमा कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए । त्यसपछि उनी राजनीतिमा विभिन्न भूमिकामा अघि बढ्दै गए ।

कम्युनिस्ट राजनीतिमा संलग्न भएको १८ वर्षपछि ३५ वर्षको उमेरमा प्रचण्ड नेकपा मशालको महामन्त्री भएका थिए । उक्त पार्टीमा प्रमुख पद नै महामन्त्री रहने व्यवस्था थियो । २०४७ सालमा प्रचण्ड नेतृत्वको मशालसँग बाबुराम भट्टराई, हरिबोल गजुरेल, निर्मल लामा र रूपलाल विश्वकर्मासहितका नेताहरूले नेतृत्व गरेका साना कम्युनिस्ट पार्टीहरूसँग एकता भयो। अनि २०४८ मा भएको महाधिवेशनले पार्टीको नाम परिवर्तन गर्दै एकता केन्द्र राख्यो । २०५३ मा जनयुद्ध नै सुरु गरे ।

२०५७ सालमा नेकपा माओवादीको अध्यक्ष भए । २०६३ साल असार २ गते भूमिगत जीवनबाट सार्वजनिक भए । २०६५ साल साउनमा गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्री भए । २०७३ मा दोस्रो प्रधानमन्त्री भएर स्थानीय तहको चुनाव गरेका उनी पुनः प्रधानमन्त्री भएका हुन् ।

सत्तारुढ गठबन्धनका मुख्य दुई दलहरू कांग्रेस र माओवादीबीच शक्ति बाँडफाँडबारे कुरा नमिलेपछि प्रतिपक्षमा रहेको एमालेसँग निर्णायक वार्ताका लागि प्रचण्ड ओली निवास बालकोट पुगेका थिए । एमालेले प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन गर्ने निर्णय गरेर दाहालसँगै एमालेका अध्यक्ष केपी शर्मा ओलीसहित अन्य दलका नेताहरू शीतलनिवास पुगेका थिए । बालकोट पुगेर राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीलगायतले पनि प्रचण्डलाई समर्थन गर्ने निर्णय सुनाएका थिए ।

नयाँ सात दल छन् । दल बाहेक अमरेशकुमार सिंह तथा प्रभु साहजस्ता स्वतन्त्र रूपमा उठेर जितेका सांसदहरूले पनि प्रचण्डलाई समर्थन गरेका छन् । उनीहरू पनि प्रचण्डसँगै राष्ट्रपति कार्यालयमा उपस्थित भएका थिए । कांग्रेसले सरकार बनाउन नसक्दा तेस्रो दलले सरकार बनाएको हो । कुल २७५ सिट संख्याको प्रतिनिधिसभामा सबैभन्दा ठूलो दलका रूपमा नेपाली कांग्रेसका ८९ जना सांसद छन् । दोस्रो ठूलो दल नेकपा एमालेका ७८ जना र तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रका ३२ सांसद रहेका छन् ।

चौथो शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीका २० जना सांसद छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीका १४, जनता समाजवादी पार्टी नेपालका १२ र सीके राउत नेतृत्वको जनमत पार्टीका ६ जना सांसद रहेका छन् । राष्ट्रिय दल बन्न नसकेको नेकपा समाजवादी पार्टीका १० सांसद छन् भने लोकतान्त्रिक समाजवादी पार्टीका ४ सदस्य रहेका छन् । नागरिक उन्मुक्ति पार्टीका ३ एवं राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीका एक/एक जना सांसद छन् । त्यस बाहेक ५ जना स्वतन्त्र सांसद पनि प्रतिनिधिसभामा रहेका छन् ।

## पहिलो...

सरकार नेतृत्वमा रहने बताइरहेको थियो । संवैधानिक निकायहरुको नियुक्तिको आश देखाइएको थियो । कांग्रेस संसदीय दलको नेतामा शेरबहादुर देउवाले मन्त्री बनाउने आश्वासनमा समेत मत लिएका थिए ।

यता पनि आउँछ,
उता पनि आउँछ
भनीरहेका कांग्रेस नेताहरुको सपना आइतबारको राजनीतिक घटनाक्रमले चकनाचुर हुन पुगेको छ । अझ आलोपालो गर्ने एमाले/माओवादीको निर्णयले कांग्रेस कम्तिमा पाँच वर्ष फेरि सरकार बाहिर रहने स्थिति पैदा भएको छ । अहिलेको स्थिति आउनुमा स्वमं शेरबहादुर देउवा जिम्मेवार रहेको कांग्रेस नेताहरु नै बताउँछन् ।

यसअघि ०७४ मा एमाले-माओवादीको गठबन्धन हुँदा केन्द्रदेखि सातै प्रदेशमा बढारिएको कांग्रेस फेरि सोही नियत भोग्न बाध्य भएको हो ।

मंसिर ४ मा सम्पन्न आम निर्वाचनबाट प्रत्यक्षमा ५७ र समानुपातिक ३२ गरी ८९ सांसद भएको कांग्रेस अब प्रतिपक्षी कित्तामा पुगेको छ ।

बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहिलो दल प्रतिपक्षमा बस्ने परिस्थिति बनेको छ । प्रदेश १ स्प्रदेश १ को ९३ सदस्यीय प्रदेशसभामा प्रस्ट बहुमतका लागि कस्तीमा ४७ सांसदको समर्थन आवश्यक हुन्छ । प्रदेशसभामा एमालेको ४०, माओवादी केन्द्रको १३, राप्रपाको ६ र जसपाको १ सांसद छन् । यस आधारमा प्रदेश १ मा यो गठबन्धनले सहजै सरकार गठन गर्न सक्ने देखिन्छ ।

१०७ सदस्यीय मधेस प्रदेशमा बहुमतका लागि कम्तीमा ५४ सांसद आवश्यक हुन्छ । मधेस प्रदेशसभामा एमालेको २३, जनमत पार्टीको १३, जसपा नेपालको १६, माओवादी केन्द्रको ८ राप्रपाको १ सांसद छन् । संघमा गठबन्धन गरेका कारण यी दलबीच मधेस प्रदेशमा पनि तालमेल भएमा सहजै सरकार गठन हुन सक्ने देखिन्छ ।

११० सदस्यीय बागमती प्रदेशमा पनि एमालेसहितको गठबन्धनको सहजै बहुमत पुग्ने देखिन्छ । यो प्रदेशमा सामान्य बहुमतका लागि कम्तीमा ५६ सांसद आवश्यक हुन्छ । यहाँ एमालेको २७, माओवादी केन्द्रको २१, राप्रपाको १३ सांसद छन् ।

६० सदस्यीय गण्डकी प्रदेशमा बहुमतका लागि कम्तीमा ३१ सांसद आवश्यक पर्दछ । गण्डकी प्रदेशसभामा एमालेको २२, माओवादी केन्द्रको ८, राप्रपाको २ सांसद छन् । त्यसैले यो गठबन्धनको सहजै बहुमत जुट्ने देखिन्छ ।

८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा बहुमतका लागि कम्तीमा ४४ सांसद आवश्यक हुन्छ । यो प्रदेशमा एमालेको २९, माओवादी केन्द्रको ९, जसपाको ३, राप्रपाको ४, नागरिक उन्मुक्ति पार्टीको ४, जनमत पार्टीको ३ सांसद छन् ।

४० सदस्यीय कर्णाली प्रदेशमा बहुमतका लागि कम्तीमा २१ सांसद आवश्यक पर्दछ । यो प्रदेशमा एमालेका १०, माओवादी केन्द्रका १३, राप्रपाका एक सांसद छन् ।

५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा सामान्य बहुमतका लागि कम्तीमा २७ सांसद आवश्यक हुन्छ । यो प्रदेशमा एमालेका १०, माओवादी केन्द्रका ११, नागरिक उन्मुक्ति पार्टीका ७ र राप्रपाको एक सांसद छन् । यही गठबन्धन कायम रहेमा यो प्रदेशमा पनि सहजै सरकार बन्न सक्छ ।

## सिजनल...

बताएको छ । तर पराई भूमि मलेसियामा बसेर हुने ठगी रोक्न जनचेतना बाहेक अर्को उपाय नरहेको सरोकारवालाहरुको भनाइ छ ।

## मलेसियामा...

बनेको म्यासेज आवेदकको मोबाइलको म्यासेज बक्समा पठाउने गरेको छ । तर सक्कल राहदानी पुग्न भने लामो समय लाग्ने गरेको छ ।

दूतावासले भने मोबाइलमा आएको म्यासेजका आधारमा नभई दूतावासको वेबसाइट वा फेसबुक पेजमा राहदानीको सूची सार्वजनिक भएपछि मात्रै दूतावास आउनुपर्ने बताएको छ ।

मलेसियामा कार्यरत धेरै नेपाली कामदारको चासो राहदानीसँगै मासिक तलब १८ रिँगेट भए नभएको विषयमा छ भने केहीले अझैसम्म पनि न्यूनतम मासिक १५ सय रिँगेट पाउन नसकेको बताएका छन् । केही कामदारले सरकारले फ्रि भिसा फ्रि टिकट भने पनि नेपाली म्यानपावर कम्पनीहरुले तीन लाख रुपैयाँसम्म मागेको गुनासो दूतावाससमक्ष राखेका छन् ।


# Tripurasundari Municipality
# Office of Municipal Executive
**Tripurakot Bagar, Dolpa**
**Karnali Province, Nepal**

## INVITATION FOR BID

**First Date of Publication: 2079/09/11**

1. ***Tripurasundari Municipality, Bagar, Dolpa*** has allocated the budget towards the cost of *Procurement of Construction* to apply part of the funds to cover eligible payments under the Contract for Procurement of goods as follows. Bidding is open to all eligible Bidders from Nepal.
2. The Office of the ***Tripurasundari Municipality, Bagar, Dolpa***, invites bids from eligible bidders for the procurement of construction.
3. The Bidder having valid firm registration, VAT/PAN registration certificates, tax clearance certificate up to FY 2078/079 are eligible for Hard copy bidding.
4. Interested eligible Bidders may obtain further information at ***Tripurasundari Municipality, Bagar, Dolpa***
5. Eligible Bidders may obtain further information at the office of the Tripurasundari Municipality ,Bagar Dolpa.Ph.no:9848301971, 9851241611, 9848070540 within office time.
6. Bidding documents by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 3000.00 before ***2079/10/10.***, The Bidders purchase the only Hard copy of bidding documents, the Bidder shall be required to deposit cost of bidding document in the Municipality's Rajaswa (revenue) account either by direct deposit or by tele-transfer of deposit in the Municipality account for the purchase of the Bank deposit voucher.
   **Information to deposit the cost of bidding document in**
   **Name of the Bank : Machhapuchhre Bank Pvt. Ltd.**
   **Name of the Office : Tripurasundari Municipality, Dolpa.**
   **Office Account no. : 09-000-681-4150-0153 Aantarik Rajashwa (Dolpa Branch)**
   **Office Account no. : 09-000-6814-150-0051 Dharauti (Deposit) Account (Dolpa branch)**
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend ***02:00 P.M.*** on ***2079/10/ 11*** at the office of *Tripurasundari Municipality Bagar, Dolpa*. Bids must be valid for a period of ***90 days*** counting from the day of bid opening and must be accompanied by bid security, as follows, which shall be valid for minimum ***90 days*** beyond the bid validity period.
8. If the bid opening day falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. The financial evaluation of the bidder (firm) will be done only after the successful technical evaluation.
10. The purpose work should be completed by next fiscal year in the same quoted rate no price escalation will be made.
11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
12. The name and identification of the contract are as follows:

| S.No. | Contract ID No | Description of Work | Estimated Amount (Excluding VAT, Contingencies and PS) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | TM/NCB/ 01/2079-80 | Birthing Center Nirman Ward No:-2 (Ruma) | 42,20,738.35 | 1,25,000 | 3,000.00 | |
| 2 | TM/NCB/ 02/2079-80 | Birthing Center Nirman Ward No:-4 (Ranga) | 42,20,738.35 | 1,25,000 | 3,000.00 | |
| 3 | TM/NCB/ 03/2079-80 | Birthing Center Nirman Ward No:-8 (Pahada) | 42,20,738.35 | 1,25,000 | 3,000.00 | |
| 4 | TM/NCB/ 04/2079-80 | Birthing Center Nirman Ward No:-11 | 42,20,738.35 | 1,25,000 | 3,000.00 | |
| 5 | TM/NCB/ 05/2079-80 | Birthing Center Nirman Ward No:-6 | 5,075,300.00 | 150,000 | 3,000.00 | |


**Note:-** Other procedures will be as per public procurement act-2063, Public procurement rules-2064,Financial procurement rules 2064.

# ऐलानी जग्गा छाडेर निजीमा सडक प्रशासन र अदालत गुहार्दै जग्गा धनी

**मध्यान्ह संवाददाता**
सिरहा, १० पुस

सिरहाको मिर्चैयामा सडक विस्तार गर्दा नेपालका प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्नुपर्ने प्रावधान रहेको छ । सडक विस्तार गर्दा लिन खोजिएको कुन-कुन कित्ता नं.बाट के कति क्षेत्रफल जग्गा, पर्खाल, घर, टहरा वा स्थायी संरचना प्राप्त गर्ने हो ?नाप नक्शा गरी सम्पूर्ण विवरण खुलाई राजपत्रमा सूचना प्रकाशित गर्नुपर्ने र सो नगरी पत्रिकामा प्रकाशित सूचनाको आधारमा घरघरमा चिन्ह लगाएपछि मात्र जग्गा अतिक्रमण गर्ने प्रावधान रहेको छ ।

तर सिरहाको मिर्चैया नगरपालिका-९ साविक फुलबरिया गा.वि. स वडा नं-२ का रेवी महतो आफ्नो निजी जग्गा अतिक्रमण गरेर सडक विस्तार गरिएपछि न्यायका लागि प्रशासन र अदालत गुहार गरिरहेका छन् । एकतर्फ सडकको लागि ऐलानी जग्गा हुँदाहुँदै पनि उनको निजी जग्गा अतिक्रमण गरेको छ । मिर्चैया नगरपालिकाको घुर्मीमा पर्ने पूर्व-पश्चिममा राजमार्ग देखि उत्तर करिब ३ किलोमीटर कमल दह जाने मुख्य सडकमा महतोको बल पूर्वक जग्गा मिचेर सडक बनाइएको छ । मिर्चैया नगरपालिकाको ६० लाख लागतको नगर स्तरीय बजेटबाट उक्त सडक कालोपत्र भइरहेको छ ।



### यसरी भएको थियो जग्गा अतिक्रमण

जग्गा धनी रेवी महतोको नाममा रहेको सिरहा गा.बि.स फुलबरिया वार्ड नं. २।२ (क) को कि.नं. ३२७९ को ०-४-२ ऐ. ऐ.कि.नं. ३२८७ को ०-२-४.७५ जग्गामा मिति २०७९।८।१६ गते बिहान ११ बजेको समयमा शंकर कनट्रक्सन प्रा.लि. मिर्चैयाबाट २ जना कर्मचारी उपरोक्त उल्लेखित जग्गामा आई जग्गा धनी महतोलाई 'तपाईको जग्गा हो ? हो भन्ने यो जग्गामा भएको धानवाली अविलम्ब हटाई हाल्नु यो जग्गाहरुवाट नयाँ निर्माणको वाटो बनाउँछु हटाउनु हुन्न भने हामीले जे.सि.बी. ल्याई धानवाली माटोले पुरि नयाँ निर्माणको सडक बाटो बनाउँछु' भनि ति कर्मचारीहरु फिर्ता भएका थिए ।

### प्रशासनमा गुहार

जग्गा धनी महतोले मिति २०७९।८।१८ गते वडा कार्यालयमा गई त्यहाँको वडा अध्यक्षसँग भेटेर नै भने,'जग्गा अगाडी सार्वजनिक सडक बाटो हुँदाहुँदै मेरो मन्जुरी सहमति बिना बलजवरजस्ती भएपनि नयाँ निमार्णको सडक बाटो बनाउँछु भनि किन शंकर कनट्रक्सन प्रा.लि. मिर्चैयाको कर्मचारीहरुले भनि आउनु भएको हो' भन्दा त्यहाँको वडा अध्यक्षले उनलाई भने 'तपाई मेरो पार्टीको मानिस होइन कर्मचारीहरुलाई जहाँ देखि सडक बाटो बनाउनुपर्छ बनाउँछ यसमा मैले केही गर्न सक्दिनँ ।'

सोही कुरालाई लिएर जग्गा धनी महतो मिति २०७२।८।१८ गते मिर्चैया नगरपालिकाको कार्यालयमा गई नगर प्रमुख श्रवण कुमार यादवलाई सम्पूर्ण कुरा सुनाउँदा पनि यो वडा कार्यालयको काम हो भनी महतोलाई फर्काइ दिएका थिए ।

जग्गा धनी महतोले नगरपालिकामा केही कुराको टुंगो नलागेपछि मंसिर १९ गते ईलाका प्रहरी कार्यालय मिर्चैयामा जग्गाको बारेमा कार्यालय प्रमुखलाई सम्पूर्ण विवरण सुनाउँदा त्यहाँको कार्यालय प्रमुखका अनुसार जग्गा जमिनको विषयमा यहाँबाट केही गर्न नसकिने भएपछि त्यहाँबाट पनि महतोलाई रित्तो हात फर्किनु बाहेक कुनै सीप लागेन ।

### उच्च अदालतसम्मको ढोकासम्म पुगे महतो

जग्गा धनी महतोलाई वडा कार्यालय नगरपालिका प्रहरी प्रशासनले नपत्याएपछि बाध्य भएर उच्च अदालत जनकपुर राजविराज इजलास पुगेका थिए । उनले मिर्चैया नगरपालिकाको कार्यालय, नगर प्रमुख (मेयर) श्रवण कुमार यादव, मिर्चैया नगरपालिका वार्ड नं. ९ को वडा कार्यालय, वडा अध्यक्ष दिनेश मण्डल, शंकर कन्ट्रक्सन प्रा.लि. मिर्चैया सिरहा शंकर कन्ट्रक्सन प्रा.लि. मिर्चैया सिरहा संचालक सरोज कुमार साह, ईलाका प्रहरी कार्यालय मिर्चैया, जिल्ला प्रहरी कार्यालय, सिरहा र जिल्ला जिल्ला प्रशासन कार्यालय सिरहालाई विपक्षी बनाएर निषेधाज्ञा मुद्दा दायर गरेको थियो ।

त्यसपछि उच्च अदालत जनकपुर राजविराज इजलासमा दायर गरेको मुद्दाको इजलास नं-२ का न्यायाधीश जगत बहादुर थापाको अन्तरीम आदेशले छलफलको लागि बोलाएको छ ।

न्यायाधीश जगत बहादुर थापाको इजलासले जारी गरेको निषेधाज्ञामा यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? निवेदन माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षीहरू मिर्चैया नगरपालिकाको कार्यालय, नगरप्रमुख (मेयर) श्रवण कुमार यादव, मिर्चैया नगरपालिका वडा नं. ९ को वडा कार्यालय, वडा अध्यक्ष दिनेश मण्डल, शंकर कन्ट्रक्सन प्रा.लि. मिर्चैया सिरहा र शंकर कन्ट्रक्सन प्रा.लि. मिर्चैया सिरहाको संचालक सरोज कुमार साह आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत तथा विपक्षीहरू ईलाका प्रहरी कार्यालय मिर्चैया, जिल्ला प्रहरी कार्यालय, सिरहा र जिल्ला प्रशासन कार्यालय सिरहालाई उच्च सरकारी वकील कार्यालय, राजविराजमार्फत लिखितजवाफ पेश गर्नु भनी प्रस्तुत निवेदन र आदेशको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा गुजारे नियमानुसार पेश गर्नु भनेको छ ।

# स्याङ्जा सहयोग कतारद्वारा वृहत् रक्तदान

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १० पुस

स्याङ्जा सहयोग समाज कतारले वृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। नेपाली रक्तदाता संघ कतारसँगको सहकार्यमा हमाद अस्पतालको ब्लड डोनेसन सेन्टरमा कार्यक्रमको आयोजना गरिएको थियो। सर्वोत्कृष्ट मानवीय सेवाका लागि 'रक्तदान जीवन दान' भन्ने नारालाई आत्मसात् गर्दै स्वस्थ रगत सङ्कलन कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले 'वृहत् रक्तदान कार्यक्रम' आयोजना गरिएको थियो ।



समाजका अध्यक्ष प्रकाश परियारका अनुसार ७७ जनाको उपस्थिति रहे पनि ५९ जनाले रक्तदान गरेको दिए । रक्तदान कार्यक्रममा कतारका नेपालीहरूले स्थापना गरेका विभिन्न संघसस्थाका अध्यक्ष तथा प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, पत्रकार तथा सर्वसाधारणको उपस्थिति रहेको थियो । रक्तदाताहरूलाई समाजले धन्यवाद ज्ञापन गर्दै सम्मान पत्र प्रदान गरेको थियो । स्याङ्जा सहयोग समाज कतारमा अग्रणी सामाजिक संस्थाका रूपमा परिचित पुरानो संस्था हो ।

# हुलाकी सडक निर्माणले लियो गति

**जगत ठाडा मगर/मध्यान्ह**
पश्चिम नवलपरासी, १० पुस

तराईको सडक सञ्जालको लाईफलाईन मानिएको हुलाकी सडक अन्तर्गतको पश्चिम नवलपरासीमा सञ्चालीत दुई ठूला निर्माण योजनाको कामले गति लिएको छ। विभिन्न सडकको निर्माण कार्यले लामो समयदेखि गति लिन नसकेको अवस्थामा यस क्षेत्रका नवनिर्वाचित सांसद विनोद चौधरीले गरेको पहल पश्चात ठेकेदार कम्पनी तथा सरकारी निकायहरूले कामलाई तिव्रता दिएका हुन् । जसअनुसार नारायणचोकदेखि त्रिवेणी जोड्ने रानीनगरसम्मको सडक करिव १५ मिलोमिटर सडक साथै बेलाटारीदेखि कठहवासम्मको करिव ९ किलोमिटर सडक उन्नतीको कामले पछिल्लो समय गति लिएको छ ।

सांसद चौधरीले आयोजना बारे चासो व्यक्त गरेर सडक विभागका महानिर्देशक हुलाकी सडक आयोजनाका प्रमुख र हुलाकी सडक कपिलवस्तु–नवलपरासी सडक खण्डका आयोजना प्रमुख र तथा निमार्ण कम्पनीसँग कुरा गरेर कामलाई तत्काल गति बढाउन निर्देशन दिएपछि दुवै निमार्ण योजनाको काम तिव्र गतिमा अगाडि बढेको हो । लामो समयसम्म काम रोकिएर अलपत्र परेको योजना सांसद चौधरीको पहलपछि दुवै आयोजनाको कामले तिव्रता लिएपछि स्थानीयमा खुसीयाली छाएको प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेश कुमार यादवले बताए ।

नारायणचोक देखि त्रिवेणी जोड्ने रानीनगरसम्मको करिव १५ किलोमिटर सडक स्तरउन्नतीको काममा करिव ४७ वटा कल्भड बन्नेछन् भने सडक मध्ये नाला भएको क्षेत्रमा १२ मिटर र नाला नभएको क्षेत्रमा ७ मिटर कालोपत्रे हुनेछ । हाल करिव ४० प्रतिशत काम सम्पन्न भएको दाबी गर्ने निमार्ण कम्पनी ब्रज गुरु र महालक्ष्मी जेवीले कुल ५७ करोडको लागतमा उक्त सडकको स्तरउन्नती गर्न निमार्ण गर्ने जिम्मा पाएको थियो ।

यसैगरी बेलाटारीदेखि कठहवा सडक खण्डको करिव ९ किलोमिटर सडक स्तरउन्नतीको काममा करिव ८ वटा कल्भड बन्नेछन् । हाल करिव ५० प्रतिशत काम सम्पन्न भएको दाबी गर्ने निमार्ण कम्पनी कन्टेक प्रालिले कुल २७ करोडको लागतमा उक्त सडक निमार्ण गर्ने जिम्मा पाएको थियो । प्रतापपुर २ गोपीगञ्जका करिव ५५ वर्षीय भजन प्रसाद चौधरीका अनुसार तीन वर्षदेखि बन्न शुरु गरेपनि खासै काम हुन सकेको थिएन । नवनिर्वार्चित सांसद चौधरीले तत्काल पहल गरेपछि सडक निमार्णको काम धमाधम हुन थालेपछि स्थानीयहरु दंग परेका छन्। दुवै योजनाहरुलाई काम तीव्र रुपमा अघि बढाउन निमार्ण कम्पनी तथा सरकारी निकायबाट काम अघि बढाइएको हुलाकी सडक आयोजनाका प्रमुख विष्णुदेव पाण्डेले जानकारी दिए ।

# राजनीतिक नेतृत्वलाई खबरदारी गर्नुपर्नेमा जोड

**पवन जायसवाल/मध्यान्ह**
बाँके, १० पुस

शाश्वत आचार्य स्मृति प्रतिष्ठान नेपालगन्जले 'नेपालको निर्वाचन-२०७९ ले उब्जाएका प्रश्न र दिएको सन्देश' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । शनिबार नेपालगन्ज उप-महानगरको सभाहलमा सम्पन्न भएको कार्यक्रममा प्रतिष्ठानका संस्थापक अध्यक्ष तथा शिक्षाविद् किरण आचार्यको अध्यक्षता रहेको थियो । प्रतिष्ठान नेपालगन्जका संरक्षक डा. जनार्दन आचार्यले स्वागत मन्तव्य राखेको कार्यक्रममा बाँकेको खाजुरा, नेपालगन्ज र सुर्खेतका ३६ जनाको सहभागिता रहेको थियो ।




वरिष्ठ साहित्यकार खगेन्द्र गिरी कोपिलाले सञ्चालन गरेको कार्यक्रममा मध्यपश्चिम विश्वविद्यालय सुर्खेतका पूर्व डीन सह-प्राध्यापक पिताम्बर ढकाल, नेपालगन्जका पूर्व नगर प्रमुख तथा वरिष्ठ अधिवक्ता तथा विजय कुमार गुप्ता र नेपालगन्ज बार एशोसिएशनका पूर्व अध्यक्ष तथा अधिवक्ता लोक बहादुर शाहले आ-आफनो धारणा राखेका थिए । त्यसपछि अन्तरक्रियात्मक कार्यक्रम अगाडि बढेको थियो ।

मध्यपश्चिम विश्वविद्यालयका पूर्व डीन राजनीतिकशास्त्री ढकालले नेपालको राजनीतिक इतिहासमा ७ वटा संविधानको सात दशकमा बनेको बताए । साथै उनले जुनसुकै संविधानको औसत आयु दश वर्ष रहेको समेत दाबी गरे । वर्तमान संविधानलाई त्यस्तो बन्न नदिनका लागि वौद्धिक क्षेत्र तथा नागरिक समाजबाट खबरदारी गर्न आवश्यक रहेको बताए। राजनीतिक दलहरुको गलत क्रियाकलापले लोकतन्त्र खतरामा परेको उनको भनाइ थियो ।

नेपालगन्जका पूर्व नगर प्रमुख तथा वरिष्ठ अधिवक्ता तथा गुप्ताले निर्वाचित प्रतिनिधिहरु निर्धारित समयका लागि नागरिकको वारिस भएकाले सोही अनुरुप काम गर्नुपर्ने बताए । तर नेपाली जनताले चुनेर पठाएका प्रतिनिधिहरुबाटै ठगिने गरेको बताए । समानुपातिकको नाममा आफ्ना मान्छेलाई भर्ना गर्ने गरिएको दाबी गर्दै उनले यसलाई खारेज हुनपर्ने बताए। अब नागरिकले मतदानका साथै खबरदारी गर्न जरुरी रहेको बताए ।

यस्तै, नेपालगन्ज बार एशोसिएशनका पूर्व अध्यक्ष अधिवक्ता शाहले नेपालको न्यायपालिकाको अवस्था नागरिकले आँखा चिम्लेस विश्वास गर्ने प्रकृतिको नरहेको बताए । नेपालको न्यायपालिकाको अवस्थाप्रति सेवाग्राही दिकदार बनेका उनको भनाइ थियो । 'नागरिकले सजिलैसँग सिडिओ र एसपीलाई भेट्न सक्दैनन्, गेटसम्म जानै पाउँदैनन्, वडाध्यक्षले राम्रोसँग कुरा गर्दैनन्, अनि कसरी जनताहरुले सेवा पाउँछन्' उनले भने ।

कार्यक्रममा प्रतिष्ठान नेपालगन्जकी अध्यक्ष किरण आचार्यले नेताहरुलाई वौद्धिक जगतले सचेत गराउनुपर्ने बताइन्। 'आफूले भोट हालेको पार्टी हो भन्दैमा सबैकुरा छोप्नु हुँदैन, वौद्धिक र सक्षम भएका व्यक्तिलाई पदमा नियुक्ति गर्नुपर्छ, भाग पाउने आशमा बेथितिलाई मौन समर्थन गर्ने हुँदैन' उनले भनिन् ।

# कम्बोडियामा नेपाली भान्सा घर



**काठमाडौं/मस**–कम्बोडियाको राजधानी फोनोम पेनमा फ्लेभर्स अफ इन्डिया नामक नेपाली भान्सा घर एण्ड रेस्टुरेन्ट सञ्चालनमा आएको छ । बाग्लुङको गलकोट नगरपालिका हटिया ३ मा जन्मिएर कम्बोडियालाई कर्मभूमी बनाएका लाल सिहं खड्काले रेस्टुरेन्ट सञ्चालनमा ल्याएका हुन्। खड्का गैरआवसीय नेपाली संगठन कम्बोडियाका अध्यक्ष हुन् । उनी विभिन्न संघसंस्थामा आवद्ध रहेर गरिब तथा विपन्न नागरिकलाई सहयोग गर्दै आएका छन् ।

स्वदेशी अर्थतन्त्रलाई टेवा पुऱ्याउने उद्देश्यका साथ रेस्टुरेन्ट संचालनमा ल्याएको उनले बताए ।

उनका अनुसार स्वस्थ्यकर तथा उत्कृष्ट स्वादसहित सेवा प्रदान गर्नेछन् । कम्बोडियाको इतिहासमा नेपाली रेस्टुरेन्ट सञ्चालन गर्ने खड्का पहिलो नेपाली युवा व्यवसायी हुन्। अहिले ४ वटा शहरमा रेस्टुरेन्टका शाखा सञ्चालनमा छन् । स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरेर परिकारहरु तय गरिएको रेस्टुरेन्टका म्यानेजर प्रदिप अधिकारीले बताए। 'हामीले सबै पाहुनालाई लक्षित गरी होटल संचालनमा ल्याएका हौं' उनले भने, 'गुणस्तर र स्तरीय सेवा दिने हाम्रो लक्ष्य हो ।' रेस्टुरेन्टले नेपाली परिकारलाई प्राथमिकतामा राखेको खड्काले बताए ।

**सरोकारवालाहरुमा जारी गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०९/११**

सूचना तथा प्रशारण विभागमा **मध्यस्थता मिडिया प्रा.लि.** अन्तर्गत दर्ता **(दर्ता नं : १४१६१/२०७६/०७७)** भई सञ्चालित **www.lokkhabar.com** अनलाइन न्यूज पोर्टल मिति २०७९/०९/२५ गतेदेखि **लोक खबर प्रा.लि.** का नामबाट सञ्चालनमा ल्याउने गरी दुवै कम्पनीका सञ्चालकबीच सम्झौता भएकाले मध्यस्थता मिडिया प्रा.लि.अन्तर्गत **www.lokkhabar.com** अनलाइन न्यूजपोर्टल सञ्चालनमा रहँदा यस अनलाइनसंग कुनै कारोबार वा हिसाब किताब बाँकी रहेको भए यो सूचना प्रकाशित भएको १५ दिनभित्र सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

**लोक खबर प्रा.लि.**
**हेटौंडा, मकवानपुर, फोन : ०५७-५२३८००**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०९/११**

**ब्राइट फिल्ड एजुकेशन ऐकेडेमी काठमाडौं प्रा.लि. (Bright Field Education Academy Kathmandu Pvt. Ltd.)** को मिति २०७९/०२/०१ गते मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ब्राइट फिल्ड एजुकेशन ऐकेडेमी प्रा.लि. (Bright Field Education Academy Pvt. Ltd.) (प्रा. लि. नं.: ३४३३६)**, कायम गर्ने गरी मिति २०७९/०९/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०९/११**

**एम.के. करियर कन्सल्टेन्सी प्रा.लि.** को मिति २०७८/०६/१८ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बशिष्ट कोचिङग एण्ड ट्रेनिङ सेन्टर प्रा.लि. (प्रा.लि.नं.: १४५०२५)** साथै साविक ठेगाना परिवर्तन गरी धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा.–९ कायम गर्ने गरी मिति २०७८/०७/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Invitation for Bids**

**Shree Baijnath Secondary School**

**Chaurpati-4, Payal**
**Achham**

**Invitation Of Bids for the procurement of works**

**First date of publication:- 2079/09/11 Dec 26, 2022**

1. ***Baijnath Secondary School*** Chaurpati Achham, has allocated fund for Construction 0f Baijnath Secondary School Building and intends to apply part of the funds to cover eligible payments under the Contractas mentioned in table below . Bidding is open to all eligible Nepalese bidders.
2. ***Baijnath Secondary School Chaurpati Achham*** invites only electronic bids from Nepalese eligible bidders for the construction works as per table below under National Competitive Bidding procedures. Only eligible bidders should participate in this bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents Baijnath Secondary School Chaurpati Achham,***email:baijnathmodelschool@gmail.com, Phone no: 9848638254*** or may visit PPMO website www.bolpatra.gov.np/ egp.
4. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./ egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned in the table in (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank** **: Century Bank,**
**Name of Office** **: Baijneth Ma. Vi. School. , Chaurpati, Achham**
**Office Account no.** **: 1240000106CA,**

6. Bid must be submitted through PPMO website:www.bolpatra.gov.np/egp on or before ***12:00Hrs*** on ***2079/10/11 BS***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **13:00** Hrs of ***2079/10/11 BS*** at ***Baijnath Secondary School Chaurpati Achham***.
6. Bids must be valid for a period of **120 days** after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format amounting Prescribed in the following table which shall be valid for 30 days beyond the validity period of the bid .
7. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**DETAILS OF WORK**

| S. N | Contract Id No. | Description of works | Estimated Amount(NRs.) Excluding VAT and Contingency | Bid Security Amount in NRs. | Bid Document Cost (NRs.) (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1 | BM/CRM/ ACHHAM/NCB/ W/B/01/2079/080 | Construction 0f Baijnath Model Secondary School Building Chaurpati-4 Payal Achham | 11394123.19 | 290000.0 | 3000.0 |

**School Principal**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

११ पुस २०७९, सोमबार
26 December 2022, Monday

## सम्पादकीय

# प्रचण्डलाई अर्को अवसर

संसदीय समीकरणमा नाटकीय परिवर्तन ल्याउँदै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका छन् । आइतबार मध्यान्हसम्म नेपाली कांग्रेस नेतृत्वकै सरकार बनाउने गृहकार्यमा रहेका प्रचण्ड साँझ ५ नबज्दै प्रधानमन्त्री नियुक्त भए । प्रचण्डलाई नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले समर्थन गरेको छ । संसदमा एमालेसँग ७८, माओवादीसँग ३२, रास्वपासँग २०, राप्रपासँग १४, जसपासँग १२, जनमतसँग ६ र नागरिक उन्मुक्तिसँग ४ सिट छ । स्वतन्त्र जितेका अमरेशकुमार सिंह, प्रभु साह र किरणकुमार साहले पनि समर्थन जनाउँदा प्रचण्डको पक्षमा १६९ सांसद पुगेको छ । नयाँ समीकरणबाट प्रधानमन्त्री बनेसँगै ८९ सिट सहित संसदमा सवैभन्दा ठूलो दल रहेको नेपाली कांग्रेस भने प्रमुख प्रतिपक्षी दल बनेको छ ।

प्रचण्डले समीकरण बदल्नुमा भने कांग्रेससँग सत्ता साझेदारीमा सहमति जुट्न नसक्नु हो । कांग्रेसले राष्ट्रपति र पहिलो पटक प्रधानमन्त्रीको दावी नछोडेपछि माओवादी केन्द्रले सत्ता समीकरण बदलेको हो । सँगै सत्ताकै कारणले भएपनि कम्युनिष्टहरू फेरि एकठाउँ उभिएको छ । माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले समेत सरकारमा जाने संभावना कायमै राखेको छ । थप अध्ययन गरेर निर्णय लिने एकीकृत समाजवादीको निर्णयले प्रचण्ड नेतृत्वकै सरकारलाई समर्थन जनाउने संभावना देखिन्छ । तर तेस्रोपटक प्रधानमन्त्री भएका प्रचण्डसामू केही गम्भीर प्रश्न भने उठेको छ । यसअघि सत्ताकै कारणले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजित भएकाले पनि प्रचण्डसँग नेपाली राजनीतिले प्रश्न सोध्नेछ ।

तर प्रचण्डकै निम्ति भने यो नयाँ अवसर हो । २०७२ को संविधानका प्रमुख अन्तर्वस्तुमै दावी गरिरहेका प्रचण्डले राजनीतिक स्थीरताको जग बसाल्न यसअघि पनि अवसर पाएका थिए । त्यो नेकपाको रूपमा थियो । प्रधानमन्त्रीमा आलोपालो गर्ने त्यसबेलाको सहमति कार्यान्वयन नभएको भन्दै नेकपा फुट्दा राजनीतिक अस्थिरताको बिजारोपण भएको थियो । ०७४ को चुनावमा ६३ सांसदमा खुम्चिएको कांग्रेसले बीचैमा सरकारको नेतृत्व गर्नु परेको थियो । गएको ४ मंसिरको चुनावले पनि कांग्रेसलाई नै सरकारको पहिलो दावी गर्ने जनादेश थियो । तर त्यसबिपरीत प्रचण्डले सरकारको नेतृत्व गर्ने अवसर पाएका छन् । अब यो अवसरलाई मुलुकको दीर्घकालीन हितमा परिणत गर्न आवश्यक भूमिका खेल्नुपर्ने दायित्व प्रचण्डको काँधमा आइलागेको छ । ३२ सिटको माओवादी केन्द्रले सरकारको नेतृत्व गर्नुको अर्थ पनि कम्युनिष्ट शक्तिलाई एकताबद्ध गर्दै सत्ताका नयाँ सहयात्रीको विश्वास जित्न सक्नु हो ।

# बलात्कार गम्भीर अपराध

*नेपाली समाजमा चेतनाको अभाव छ । पीडितले न्याय पाउनका लागि गुहार्नभन्दा गुम्सिएर बसेको राम्रो मानिन्छ । महिलाको पक्षमा त विभिन्न लाल्छना लगाई झन् कठिन परिस्थितिमा पुर्‍याउने दुश्साहस गरिन्छ । यो नै समाजको कुरूप दृश्य हो ।*

अग्रलेख



● झलक शर्मा

कुनै महिलालाई निजको मञ्जुरी बेगर जबजस्ती करणी गर्नु बलात्कार हो । यो महिलामाथि हुने यौन हिंसाको विक्षिप्त रूप हो । यसलाई डर, त्रास, करकाप, लोभ तथा अनुचित प्रभाव पारेर महिलामाथि सम्भोग क्रिया गर्ने अपराधिक कृयाकलापको रूपमा बुझ्नुपर्छ । यसले महिलाको शरीरमाथिको अधिकारलाई हरण गर्ने काम गर्छ । त्यस्तै, महिलालाई शारिरिक तथा मानसिकरूपमा कमजोर बनाएको हुन्छ । कतिलाई त यसले आत्महत्याको निर्णय लिनेसम्मको गलत विचारसम्म पुर्‍याएको हुन्छ । यस्तो व्यवहारले पीडितलाई उजुरी दिन निरूत्साहित बनाउँछ र पीडकलाई थप हिंस्रक बनाउन बल प्रदान गरेको हुन्छ । पीडितले न्याय पाउन कठिन हुनसक्छ । नेपाल प्रहरीको तथ्यांकअनुसार नेपालमा दैनिक औसत ६ जना महिला बलात्कार हुन्छन्, जसमा ६४ प्रतिशत नाबालिका पर्छन् । आ.व. ०७८/७९ को चैत्रसम्म १११६ बालिका र ५७२ महिला बलात्कारमा परेको भनि उजुरी परेका छन् । ७१ प्रतिशत घटना परिचितबाट नै भएका छन् । कञ्चनपुरकी बालिका निर्मला पन्तको बलात्कार पछिको हत्या काण्ड अझै सेलाउन सकेको छैन । पीडित परिवारलाई राज्यले न्याय दिलाउन सकेन । जति समय बित्दै गयो त्यति नै घटनाको खोज अनुसन्धान कठिन बन्दै गएको छ । प्रमाणहरु लोप हुने र पीडकले उन्मुक्ति पाउने सम्भावना रहन्छ ।



वैदेशिक रोजगारीमा जाने महिला यौन शोषणमा पर्नु, होटल तथा सरकार व्यवसायमा कार्यरत महिला तथा किशोरीहरुको यौन शोषण विद्यमान छन् । सामूहिकरूपमा बलात्कार हुनु वा यस अपराधको सञ्जाल खडा हुनु नै आजको समस्या हो । नेपाली समाजमा धेरै बलात्कारका घटनाहरु घटेका हुन्छन् । ति सबै सार्वजनिक हुँदैनन् । सिमित घटना मात्रै बाहिर आउने गर्छन् । कमजोर वर्गका बालबालिका, महिलामाथि हुने बलात्कार तथा हाडनाताको करणीहरु पैसाको प्रलोभन तथा डर, धम्कीबाट गुपचुप राख्न खोजिन्छ । समाजमा बलात्कारका घटनाहरु नियन्त्रण हुन नसके महिलाहरु उदासिनता, निराशापन, तनाव र भयभित अवस्थाबाट गुज्रिन सक्छन् ।

बलात्कार मुद्दा चलिरहेको अवस्थामा बलात्कृत महिलासँग सम्बन्धित जानकारीहरु गोप्य राख्नुपर्छ । बलात्कारको घटनाको समाचार प्रकाशन वा प्रशारण क्रममा पीडितको वास्तविक नाम, फोटो सार्वजनिक गर्न हुँदैन । बलात्कारको मुद्दाको उजुरीदेखि फैसला कार्यान्वयनसम्मको कारबाहीको क्रममा पीडितले अनुरोध गरेमा कानून कार्यान्वयन गर्ने निकायहरुले पीडितको वास्तविक नामको सट्टा काल्पनिक नाम प्रयोग गर्ने गरी गोपनियता कायम गर्नुपर्छ । तर, आजभोली सामाजिक सञ्जालले पीडितलाई मानसिक तनाव दिइरहेको छ । सामाजिक सञ्जाल फेसबुक, टुइटर, टिकटकमा हुने पक्ष र विपक्ष वा पीडित र पीडकका बारेमा गरिने टिका टिप्पणीले थप तनाव सिर्जना गराएको छ । पीडितको गोपनियता कोट्याएर, असभ्य वा अपाच्य शब्द प्रयोग गर्ने असंवेदनशिलता देखिएको छ । सरकारको अनुमति बिना च्याउ सरी सञ्चालनमा भएका केही युबटुब तथा अनलाइन मिडियाहरुले संवेदनशील विषयलाई ख्याल नगरी प्रकाशन तथा प्रशारण गर्ने गरेका छन् । पीडितका लागी न्याय होइन की आफ्नो च्यानलले धेरै भ्यूज पाओस् भन्ने सोंचाई बढेको छ । पीडितलाई न्याय पाउनु र समाजमा विगतमा झैं सरल जीवन बिताउनु वा पुनर्स्थापित हुनु चुनौती हुनसक्छ । किनकी हाम्रो नेपाली समाजमा चेतनाको अभाव छ । पीडितले न्याय पाउनका लागी गुहार्नभन्दा गुम्सिएर बसेको राम्रो मान्छ । झन् महिलाको पक्षमा त विभिन्न लाल्छना लगाई झन् कठिन परिस्थितिमा पुर्‍याउने दुश्साहस गरिन्छ । यो नै समाजको कुरूप दृश्य हो ।

समाजमा बलात्कारका घटना हुनु वा बढ्नुमा लागुऔषध दुर्व्यसनी,

*कञ्चनपुरकी बालिका निर्मला पन्तको बलात्कारपछिको हत्या काण्ड अझै सेलाउन सकेको छैन । पीडित परिवारलाई राज्यले न्याय दिलाउन सकेन । जति समय बित्दै गयो, त्यति नै घटनाको खोज अनुसन्धान कठिन बन्दै गएको छ । प्रमाणहरू लोप हुने र पीडकले उन्मुक्ति पाउने सम्भावना रहन्छ ।*

बेरोजगारी, गरिबी, अशिक्षा, पितृसत्तात्मक सोंच, मोबाइल तथा सामाजिक सञ्जालको दुरूपयोग, महिलाले उत्तेजनात्मक पहिरन लगाउनु वा अंग प्रदर्शन गर्नु, अश्लिल श्रव्यदृश्यको बिगबिगि आदि प्रमुख कारण मानिन्छन् । बलात्कारका घटनाहरु संक्रमणकालिन अवस्थामा बढी हुने गर्छन् । नेपालको सन्दर्भमा सशस्त्र द्वन्द्वकाल, भूकम्प, कोरोना महामारी, बाढी पहिरो जस्ता विपद्को समयमा यस्ता घटनाहरु धेरै भए । कैलालीको लम्कीचुहा नगरपालिकामा रहेको सहिद स्मृति माविको क्वारेन्टाइनमा बसेकी ३१ वर्षिय महिलामाथि सामूहिक बलात्कार भयो । कोरोना संक्रमणले विश्व डराई रहेको अवस्थामा पनि हाम्रा चेलीबेटीहरु सुरक्षित हुन सकेनन् । त्यस्तै, महिलाहरु स्वाबलम्वन हुन नसक्नु, महिलाको आवाज कुण्ठित हुनु, पश्चिमेली शैलीहरु भित्र्नु, लिभिङ टुगेदर जस्ता संस्कृति अवलम्बन गर्न खोज्नु, कतिपय जातजातिमा महिलासँग यौन र विवाहसम्बन्धि हकदार हुने प्रचलन हुनु, महिलाहरु यौन हिंसामा पर्दा खुलेर परिवार तथा साथीसंगीलाई भन्न नसक्नु र बढी संकोच मान्ने भएकाले यस्ता हिंसाले उनीहरुलाई भित्रभित्रै सताइरहेको छ ।

नेपालमा बलात्कार नियन्त्रण तथा रोकथाम गर्न विभिन्न कानूनहरु कार्यान्वयनका चरणमा छन् जसमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा ३ अनुसार जबर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरि दण्ड सजाय हुने व्यवस्था छ । १० वर्षभन्दा कम उमेरकी बालिका भए १६ देखि २० वर्षसम्म, १० वर्ष वा १० वर्षभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिका भए १४ वर्षदेखि १६ वर्षसम्म, १४ वर्ष वा १४ वर्षभन्दा बढी १६ वर्षभन्दा कम उमेरकी बालिका भए १२ वर्षदेखि १४ वर्षसम्म, १६ वर्ष वा १६ वर्षभन्दा बढी १८ वर्षभन्दा कम उमेरकी महिला भए १० वर्षदेखि १२ वर्षसम्म, १८ वर्ष वा १८ वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि १० वर्षसम्म र त्यसै गरी उपदफा ४ मा श्रीमान्ले श्रीमतीलाई जबर्जस्ती करणी गरेमा पाँच वर्षसम्म कैद हुने व्यवस्था छ । त्यसैगरी, कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ जस्ता कानूनहरु अभ्यासमा छन् । यी कानून तथा नियमावलीले नेपालमा बलात्कारका घटना नियन्त्रणमा सघाउ पुर्‍याउदछ ।

